# बैजनाथ गाउँपालिकाको आर्थिक ऐन २०८३

बैजनाथ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक,

**प्रस्तावनाः**

बैजनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बैजनाथ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम आर्थिक ऐन २०८३ रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि बैजनाथ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **भुमि तथा सम्पतिकर** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम भुमि तथा सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि २ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

४. **घरजग्गा तथा अन्य वहाल र बहाल बिटौरी कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ । ७ नं. प्रति ऐलानीमा बनेका संरचना तथा उपभोग बापत अनुसूचि ३ बमोजिम बहाल बिटौरी कर लगाइनेछ ।

५. **नक्शापास दस्तुर** : गाउँपालिका क्षेत्रभित्र घरहरु नक्शापास गर्दा अनुसूचि ४ बमोजिम दस्तुर लगाई असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको

व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर**: गाउँपालिका क्षेत्रभित्र रहेका साना सवारी साधनकरको दर अनुसूची ६ बमोजिम कर लगाइने र असूल उपर गरिनेछ

८. **मनोरन्जन कर**: गाउँपालिका क्षेत्रभित्र मनोरन्जन करको दर अनुसूची ७ बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

९. **व्यवसाय कर** : गाउपालिकाको शहरी क्षेत्रमा सँचालित उद्योग, व्यवसाय, कलकारखाना, खानी लगायतको सँचालनले वजार क्षेत्र अव्यवस्थित भएकोले नेपालको सँविधानको अनुसुचि ८ मा उल्लेखित कार्य गर्ने प्रयोजनका लागि र गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ८ बमोजिमका ब्यबसायमा व्यवसाय तथा अन्य ब्यबसाय कर लगाइने र असूल उपर गरिनेछ ।

१०. **सेवा शुल्क र दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन र दैनिक रुपमा प्रदान गरिने सेवामा अनूसूचि ९ मा उल्लिखित दरमा विभिन्न सेवा शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

११. **करका दर घटाउन बढाउन वा छुट दिन सक्ने** :

(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएता पनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाईने दस्तुर, शूल्क र करको दर घटाउन बढाउन वा त्यस्तो दस्तुर, शूल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ यसरी घटाईएको, बढाईएको वा छुट दिएको सुचना राजपत्रमा प्रकाशन भएपछी मात्र लागु हुनेछ ।

(३) उपदफा (२) बमोजिम करको दर घटाईएको, बढाईएको वा कुनै दस्तुर, शूल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिईएको विवरण अर्को हुने गाउँसभामा पेश गर्नु पर्नेछ र त्यसरी दिईएको आंशिक वा पूर्ण कर छुट सुबिधाको कसैले दुरुपयोग गरेमा छुट दिईएको दस्तुर, शूल्क र कर रकम असुल उपर गरि सो रकम बराबर जरिवाना गरिनेछ ।

१२. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१३. **जरिवाना :** गाउँपालिका भित्र कुनै व्यक्ति संस्था वा निकायले गाउँपालिकाको कानून उल्लङ्घन गरेको पाईएमा गाउँ कार्यपालिकाले दण्ड वा जरिवाना गर्न सक्नेछ सो दण्ड वा जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ ।

१४. **राजश्व दाखिलाः**

१) उठाइएको कर तथा गैरकर राजश्वहरु सोहि दिन जम्मा गर्नु सम्बन्धित संस्थाका प्रमुख तथा राजश्व संकलन कार्यमा संलग्न कर्मचारीहरुको दायित्व एवम् कर्तब्य हुने छ । ढिलो गरि प्राप्त भएको राजश्व सोही दिन दाखिला गर्न नसकिने स्थिति भएमा भोलि पल्ट (त्यसपछि लगत्तै बैंक खोलेको दिनमा) दाखिला गर्नु पर्नेछ । दैनिक राजश्व दाखिला गर्न असहज हुने संस्थाको हकमा कार्यालय प्रमुखले बढीमा सात दिनको समयाबधि दिइ दाखिला गर्न लगाउनु पर्नेछ ।

२) उपदफा १ बमोजिम राजश्व दाखिला नगरेको पाइएमा कार्यालय प्रमुखले ७ दिन सम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत दाखिला गर्न लगाउनु पर्नेछ ।

३) उपदफा २ बमोजिम पनि राजश्व तथा जरिवाना रकम दाखिला नगरेको पाइएमा कार्यालय प्रमुखले सो भन्दा बढी दिनको दैनिक ०.०५ प्रतिशतका दरले जरिवाना गरि दाखिला गर्न लगाई कसुरको मात्रा हेरि प्रचलित कानुन बमोजिम स्थायी कर्मचारीको हकमा बिभागीय कारवाही तथा करारमा कार्यरत कर्मचारीको हकमा करारा सम्झौता समेत भंग गर्न, गराउन सक्नेछ ।

४) उपदफा ३ बमोजिम कर्मचारीहरुलाई कारवाही गर्दा उनीहरुले तिर्नु पर्ने दायित्वबाट मुक्त हुने छैनन् ।

५) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि जिम्मेवार व्यक्तिले राजश्व दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेको मनासिव कारण खुलाई कार्यालय समक्ष निवेदन दिएमा र सो कारण मनासिव देखिएमा एक वा दुइ पटक गरि बढीमा ७ दिन सम्मको म्याद थप गर्न सक्नेछन । सो अवधिको बिलम्ब शुल्क लाग्ने छैन ।

१५. **बाधा अड्काउ फुकाउः** यस ऐनको कार्यन्वयनमा कुनै असहजता परेमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सो को सरलीकरण गरी कार्यन्वयनमा देखिएको बाधा अड्काउ फुकाउ गर्न सक्नेछ । गाउँ सभा संचालन नभएको अवस्थामा कुनै करको दर दायरा थप, घट, परिवर्तन गर्नु परेमा गाउँ कार्यपालिकाले गाउँ सभाको अधिकार प्रयोग गर्न सक्नेछ ।

# अनुसुची-१

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस गा पा को निर्णय अनुसार भूमिसुधार तथा मालपोत कार्यालय बाँकेको न्यूनतम मुल्याङकनमा नघट्ने गरि स्वघोषणाको आधारमा भुमि तथा सम्पत्ति कर अनिवार्य रुपमा लागू गरिनेछ ।

**मुल्याङकनको आधारहरु :**

क. **भूमिकर/मालपोतः-** मालपोत कार्यालय बाँकेले रजिष्ट्रेशन पास निमित्त गाउँक्षेत्रमा निर्धारण गरेको न्युनतम मुल्याङकन (दररेट) र चलन चल्तीको स्वघोषणा (मालपोतले गरेको भन्दा कम नहुने गरी) मुल्याङकन मध्ये जुन बढी हुन्छ सो रकमलाई आधार मानिने ।

| | |
|---|---|
| १. रु. ५लाख सम्मको मूल्याँकनमा एकमुष्ट रु. | १३० |
| २. रु ५लाख भन्दा माथि प्रति लाखका दरले थप हुँदै जाने रकम रु. | २५ |

ख. **सम्पत्ती करः** प्रतिलाख रु. ३०।०० का दरले हुनेछ ।

| | |
|---|---|
| १. रु. १ लाख सम्मको मूल्याँकनमा एकमुष्ट रु. | ३० |
| २. रु १लाख भन्दा माथि प्रति लाखका दरले थप हुँदै जाने रकम रु. | २५ |

सम्पत्तिकर निर्धारणका लागि करदाताले तोकीएको ढांचामा आफ्नो सबै सम्पत्तिको विवरण खुलाउनु पर्नेछ। करदाताले विवरण पेश गर्दा आफ्नो सबै सम्पत्तिको विवरण नखुलाई पेश गरि कर तिरेको पछि लुकाएको सम्पत्ति विवरण पुन पेश गरि कर तिर्न आएको पाईएमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समाबेश गरि सम्पत्ति मूल्याकन गरि कर निर्धारण गरिने छ । यसरी निर्धारण हुने कर रकम बराबर जरीवाना थप गरि कर असुल गरिने छ ।

**ग . घर तथा भवन मुल्याङकनको आधार**

| | घर, भवन सम्बन्धि बिबरण | प्रति वर्ग फुट | रकम रु |
|---|---|---|---|
| १ | पक्की घर प्रति वर्गफुट | १ | १५०० |
| २ | कच्चीघर प्रति वर्गफुट | १ | १००० |

**नोटः** बक्यौता मापलोत र सम्पत्ति करको हकमा चालु आ.व. भन्दा अघिल्लो आ.व. बक्यौता बाँकि भएमा १० प्रतिशत २ आ.व.बक्यौता बाँकि भएमा २५ प्रतिशत ३ आ.व. को बक्यौता बाँकि भएमा ५० प्रतिशत ४ आ.व. को बक्यौता बाँकि भएमा १०० प्रतिशत जरिवाना सहित चालु आ.व. को

दर अनुसार एकमुष्ठ रकम असुल गर्नु पर्नेछ ।

घ. **सरकारी जग्गा लिजमा उपलब्ध गराउँदा :** सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यनीति, २०७९ (संशोधन सहित) बमोजिमको दस्तुर लाग्नेछ ।

**ङ. जग्गाधनी दर्ता श्रेस्ता वा जग्गा धनी प्रमाण पुर्जा प्रतिलिपिको शुल्क (प्रति स्रेस्ता वा पुर्जा)**

| | | | |
|---|---|---|---|
| (क) जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रमाणित प्रतिलिपि | रु.५००/- | रु.३००/- | रु.२००/- |
| (ख) जग्गाधनी स्रेस्ताको प्रमाणित प्रतिलिपि | रु.५००/- | रु.३००/- | रु.२००/- |
| (ग) जग्गाधनी प्रमाण पुर्जाको पुरानो प्रति खिची नयाँ पुर्जा जारी गर्दा | नलाग्ने | | |

**च. रोक्का दस्तुरः**

| | |
|---|---|
| (अ) एक लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रु.३००/- |
| (आ) एक लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रु.३००/- |
| (इ) पाँच लाख रुपैयाँभन्दा बढी दस लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रु.१०००/- |
| (ई) दश लाख रुपैयाँमाथिको ऋण अङ्कमा | यस अनुसूचीको खण्ड (ख) सेवा शुल्कको सि.न. २ बमोजिम लिखत पारित गर्नुपर्नेछ र सोही बमोजिम सेवा शुल्क लाग्नेछ |

## अनुसूची -२
## विज्ञापन कर

| २ | बिबरण | दर्ता सिफारिस | वार्षिक कर (नवीकरण) |
|---|---|---|---|
| २.१ | पर्खाल, भित्ता, चौतारा आदी रंगपोत्ने तथा लेखन वापत प्रतिवर्ग फिट | | रु. २०/- |
| २.२ | होर्डिंग बोर्ड प्रतिवर्ग फिट | | रु. १५०/- |
| २.३ | डी.वि.एस. | | रु. १००/- |
| २.४ | थ्री डी बोर्ड, लाइट बोर्ड, पोलबोर्ड प्रतिवर्ग फिट | | रु. १८०/- |
| २.५ | पोल व्यानर प्रति व्यानर | | रु. ५००/- |
| २.६ | पोल बोर्ड प्रतिपोल वार्षिक | | रु.१२००/- |
| २.७ | सूर्ती र मदिराजन्य पदार्थको प्रसार प्रचार | | रु. २५% (माथि उल्लिखित दरहरुमा २५% थप) |

## अनुसूची -३
## घरजग्गा बहाल कर

| ३.१. घरजग्गा बहाल कर | | | |
|---|---|---|---|
| ३.१.१ | गाउँपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा सम्बन्धित धनीबाट उठाइने कर | | १० प्रतिशत |
| ३.१.२ | गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत लिने । | | प्रति वर्गफिट रु. २ देखि २० सम्म मासिक वहाल विटौरी |
| ३.१.३ | अन्य बहाल कर | | १० प्रतिशत |
| ३.१.४ | कृषि प्रयोजनको लागि जग्गा बहाल कर | | |
| ३.१.५ | औधोगिक प्रयोजनको लागि बहाल कर | | |

| ३.२. बहाल बिटौरी कर | | |
|---|---|---|
| **३.२.१** | **बहाल बिटौरी करको बिबरण** | **बार्षिक शुल्क** |
| ३.२.२ | राजमार्ग संग जोडिएको बाटो भएमा प्रति कट्ठा रु | ३००.०० |
| ३.२.२ | पिच बाटो भएमा प्रति कट्ठा रु. | २००.०० |
| ३.२.३ | आवासयोग्य भएमा प्रति कट्ठा रु | १००.०० |
| ३.२.४ | खेतीयोग्य जमिन भएमा प्रति कट्ठा रु | ५०.०० |
| ३.२.५ | ऐलानी जग्गामा रहेको पक्की घर | १०० |
| ३.२.६ | ऐलानी जग्गामा रहेको कच्ची घर | ७५ |

बहाल बिटौरीकर लिदा जग्गालाई स्वघोषाको आधारमा लिइनेछ । आ.व. २०८२/०८३ सम्मको बाँकी रहेको बक्यौतामा प्रति वर्ष थप १० प्रतिशत कर लाग्नेछ । (पहिलो वर्ष १० प्रतिशत, दोस्रो वर्ष २० प्रतिशत क्रमश )

## अनुसूची ४
## नक्सापास दस्तुर

| ४ | नक्सा पासको बिबरण | नक्सा पास तथा अभिलेखिकरण | | घर नक्शा नामसारी दस्तुर | | नक्सा संशोधन |
|---|---|---|---|---|---|---|
| | | नयाँ घरको क्सापास | घरको अभिलेखकरण | नयाँ घरको नामसारी | घरको अभिलेखकरण | |
| ४.१ | भुईतला (ग्राउण्ड फ्लोर) प्रति स्कवायर फिट | ९ | १२ | ४.५ | ६ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४२. | पहिलो तला (फस्ट फ्लोर) प्रति स्कवायर फिट | ११ | १४ | ५.५ | ७ | ३ |
| ४.३ | दोश्रो तला (सेकेन्ड फ्लोर) प्रति स्कवायर फिट | १३ | १६ | ६.५ | ८ | ४ |
| ४.४ | तेस्रो तला वा सो भन्दा माथि प्रति तला थप्दे जाने गरि लिने | २ | २ | १ | १ | ५ |
| ४.५ | प्रतिलिपि नक्सा प्रमाणित दस्तुर | १५०० | | | | |
| ४.६ | नक्सापास फारम बिक्रि किताब | १००० | | | | |
| ४.७ | ट्रस टहरा प्रति स्कवायर फिट | ५ | ७ | २.५ | ३.५ | |
| ४.८ | भवन निर्माणको इजाजत लिई २ बर्ष भित्र निर्माण सम्पन्न नगर्दा लाग्ने विलम्ब शुल्क | पहिलो बर्ष१० प्रतिशत बाँकि ) प्रत्येक बर्ष थप प्रतिशत १० का दरले थपिदै जानेछ । | | | | |
| ४.९ | नाँप जाँच शुल्क (प्रति कित्ता) | २००० | | | | |

## अनुसूची-५

| जडिबुटी, कवाडी र जीवजन्तु कर | | | |
|---|---|---|---|
| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क |
| ५.१ | कवाडी समाग्री संकलन पसल | २,०००। | १,०००.००। |
| ५.२ | जडिबुटी सङ्कलन/प्रशोधन केन्द्र | ३,०००। | १,५००.००। |

# अनुसूची-६
## सवारी साधन कर

| ६ | सवारी साधन करको वर्गीकरण | करको दर विवरण | |
|---|---|---|---|
| | | दर्ता सिफारिस | वार्षिक कर (नवीकरण) |
| ६.१ | सवारी साधन कर | | |
| ६.१.१ | स्कुटर वा १२५ सि.सि. सम्मको मोटरसाईकल | ३०००/- | ० |
| ६.१.२ | १२५ सि.सि. देखी माथि १५० सि.सि. वा सम्म | ५०००/- | ० |
| ६.१.३ | १५० सि.सि. देखि माथि २२५ सि.सि. सम्म | ६५००/- | ० |
| ६.१.४ | २२५ सि.सि. देखि माथि ४०० सि.सि. सम्म | ११०००/- | ० |
| ६.२ | ट्याक्टर | | ० |
| ६.२.१ | कृषि कार्यका लागी | १००० | ० |
| ६.२.२ | व्यवसायिक कार्यका लागी | २००० | ० |
| ६.३ | निजी तथा भाडाका सवारी साधन | | ० |
| ६.३.१ | निजी कार, जिप र भ्यान | ५०० | ० |
| ६.३.२ | भाडाका कार, जिप र भ्यान | ७५० | ० |
| ६.३.३ | मिनी बस, मिनी ट्रक | ७५० | ० |
| ६.३.४ | बस, ट्रक | १००० | ० |
| ६.३.५ | हेभी गाडी,डोजर, क्रेन | १५०० | ० |
| ६.३.६ | ट्याम्पो | २५० | ० |
| ६.३.७ | अटोरिक्सा सिफारिश दस्तुर | ५०० | ० |

# अनुसूची-७
## मनोरन्जन कर

| ७ | मनोरञ्जन कर | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| ७.१ | भिडियो प्रदर्शनी प्रतिदिन | ० | २०० |
| ७.२ | रमाईलो मेला/महोत्सव प्रतिदिन | ० | ५०० |
| ७.३ | जादु, सर्कश प्रतिदिन | | ५०० |
| ७.४ | पुल हाउस, स्वीमिंग पुल, वाटर पार्क, जुम्वा, जीम हाउस | रु.५०००/- | |
| ७.५ | अन्य | | दैनिक ५०० देखि २००० सम्म |

# अनूसूचि-८

## व्यवसाय कर

| ८.१. मदिरा पसल | | | |
|---|---|---|---|
| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क |
| ८.१.१ | आधुनिक सिल भएको मदिरा डिलर - थोक बिक्री पसल | ६,०००। | ४,०००। |
| ८.१.२ | मदिरा पसल खुद्रा | २,०००। | १,०००। |
| ८.१.३ | हल्का पेय पदार्थ (डिलर) | २,०००। | १,०००। |
| ८.१.४ | हल्का पेय पदार्थ (खुद्रा पसल) | १,०००। | ५००। |
| ८.२. मिष्ठान्न भण्डार | | | |
| ८.२.१ | ठुलो  मिष्ठान्न भण्डार | २,०००। | १,०००। |
| ८.२.२ | साना मिष्ठान्न भण्डार | १,०००। | ५००। |
| ८.३. सुनचादी | | | |
| ८.३.१ | थोक रुपमा फेन्सी गहना बनाई विक्री गर्ने पसल ( सोरुम | ४,०००। | २,०००। |
| ८.३.२ | साना तथा हातले गहना बनाई विक्री गर्ने पसल | १,००० । | ७५०। |
| ८.३.३ | साधारण गहना बनाउने पसल | ५००। | १००। |
| ८.३.४ | सुनचाँदी खार्ने पसल | १,०००। | ७५०। |
| ८.४. होटल व्यवसाय (बार्षिक) | | | |
| ८.४.१ | ५ तारे होटल | ३०,०००। | २०,०००। |
| ८.४.२ | ४ तारे होटल | २०,०००। | १५,०००। |
| ८.४.३ | ३ तारे होटल | १५,०००। | १०,०००। |
| ८.४.४ | क श्रेणीको रिसोट | ८,०००। | ५,०००। |
| ८.४.५ | ख श्रेणीको रिसोट | ५,०००। | ३,०००। |
| ८.४.६ | मदिरा सहितको होटल एण्ड लज | ५,०००। | ३,०००। |
| ८.४.७ | मदिरा सहितको रेष्टुरेण्ट | ४,०००। | २,५००। |
| ८.४.८ | मदिरा सहितको होटल (लज नभएको) | ४,०००। | २,५००। |
| ८.४.९ | लज मात्र | ३,०००। | २,०००। |
| ८.४.१० | मदिरा बाहेकको होटल (मदिरा पनि नभएको र लज पनि नभएको) | १,०००। | ५००। |
| ८.४.११ | सामान्य खाजा घर | ५००। | ३००। |
| ८.४.१२ | चिसो मात्र बिक्रि गर्ने पसल | ५००। | ३००। |
| ८.४.१३ | होमस्टे | ५००। | २००। |
| ८.५. बित्तिय संस्था | | | |
| ८.५.१ | बाणिज्य शाखा कार्यालय | १००००। | ५०००। |
| ८.५.२ | विकास बैंक शाखा कार्यालय | १००००। | ५०००। |
| ८.५.३ | फाईनान्स कम्पनी शाखा कार्यालय | ५०००। | ३०००। |
| ८.५.४ | लघुवित्त कम्पनी | ५०००। | ३०००। |
| ८.५.५ | विमा कम्पनीहरु | २०००। | १०००। |
| ८.५.६ | विदेशि मुद्रा सटही काउन्टर मनी एक्सचेन्जर र मनी ट्रान्सफर | १५००।- | ७००।- |
| ८.५.७ | बचत तथा ऋण सहकारी (२० करोड भन्दा बढि कुल पुंजि भएको) | २,०००। | १,०००। |
| ८.५.८ | बचत तथा ऋण सहकारी (२० करोड भन्दा कम कुल पुंजि भएको) | १,०००। | ५००। |
| ८.५.९ | वित्तिय सहकारी संस्था | १०००। | ५००। |

| | | | |
|---|---|---|---|
| | **८.६. मासु पसल** | | |
| ८.६.१ | खसी, राँगा, कुखुरा र माछा समेत बिक्रि गर्ने पसल | १५००। | १,०००। |
| ८.६.२ | खसी, राँगा, कुखुरा र माछा मध्ये कुनै २ प्रकारका भन्दा बढी मासु बिक्रि नगर्ने पसल | १,०००। | ५००। |
| ८.६.३ | फ्रेश हाउस | ५००। | २००। |
| | **८.७. स्वास्थ्य सेवा** | | |
| ८.७.१ | गैर सरकारी अस्पताल १० वेडसम्म | १,०००। | ५००। |
| ८.७.२ | गैर सरकारी अस्पताल ११ देखी २५ वेडसम्म | १५००। | १,०००। |
| ८.७.३ | गैर सरकारी अस्पताल २५ वेड भन्दा माथिको | २,०००। | १,०००। |
| ८.७.४ | क्लिनिक/मेडिकल (डाक्टर र ल्याव सहितको प्याथोलोजि सेवा भएको) | १०००। | ५००। |
| ८.७.५ | क्लिनिक/मेडिकल (डाक्टर वा ल्याव मध्ये कुनै एक सुविधा भएको) | १०००। | ५००। |
| ८.७.६ | फार्मेसि तथा मेडिकल (औषधी मात्र बिक्रि वितरण गर्ने) | ५००। | २५०। |
| ८.७.७ | नर्सिङ होम | १०००। | ५००। |
| ८.७.८ | पोली क्लिनिक | ५००। | २५०। |
| ८.७.९ | अक्युपंचर | ३००। | २०० |
| ८.७.१० | भेटनरी फर्मा | १०००। | ५००। |
| ८.७.११ | एग्रो सेन्टर (बिषादी र मल बिक्रि नगर्ने) | १०००। | ५००। |
| ८.७.१२ | एग्रो सेन्टर (बिषादी र मल बिक्रि गर्ने) | १,५००। | १,०००। |
| ८.७.१३ | औषधी खुद्रा पसल (डाक्टर भएको) | ५०००। | २५००। |
| ८.७.१४ | औषधी खुद्रा पसल (डाक्टर नभएको) | ४०००। | २०००। |
| ८.७.१५ | आयुर्वेदिक औषधी पसल | १५००। | ७५०। |
| ८.७.१६ | डेन्टल औषधी पसल | २०००। | १०००। |
| ८.७.१७ | मायकद्धारा प्रचारप्रसार गरि जडिबुटी बेच्ने पसललाई | प्रतिदिन २५ | |
| | **८.८. निजि शैक्षिक संस्था दर्ता तथा नविकरण** | | |
| ८.८.१ | पुर्व प्राथमीक तह | ३०००। | १५००। |
| ८.८.२ | आधारभुत विद्यालय तह | १००००। | ५०००। |
| ८.८.३ | माध्यामीक विद्यालय तह | १५०००। | ७५००। |
| ८.८.४ | उच्च शिक्षा तथा प्राविधिक शिक्षा | निशुल्क | निशुल्क |
| ८.८.५ | कक्षा थप | ३०००। | ० |
| ८.८.६ | स्तरवृद्धि | ५०००। | ० |
| ८.८.७ | शैक्षिक संस्था ठाउंसारी | ५०००। | ० |
| ८.८.८ | ट्युसन सेन्टर र कोचिंग कक्षा | ३०००। | १५००। |
| ८.८.९ | कम्प्युटर इन्सटिच्युट | १५००। | ७५०। |
| ८.८.१० | कक्षा ८ को परिक्षा वापत प्रति बिद्यार्थी शुल्क | | ४५०। |
| 8.8.1१ | मार्कसिट प्रतिलिपि शुल्क | | २५०। |
| 8.8.1२ | शिक्षा सम्बन्धि सिफारिस दस्तुर | | २००। |
| | **८.९ सेवा उद्योग** | | |
| ८.९.१ | अफसेट प्रेस | १५०० | ५०० |
| ८.९.२ | स्किन प्रिन्ट प्रेस | १५०० | ५०० |
| ८.९.३ | लेटर प्रिन्ट प्रेस | २५०० | १००० |
| ८.९.४ | कलर ल्याब सेवा | ५००० | २००० |

| | | | |
|---|---|---|---|
| ८.९.५ | भिडियो मिक्सिङ्ग | ५००० | २००० |
| ८.९.६ | फोटो स्टुडियो | १५०० | ७५० |
| **८.१०. विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा** | | | |
| ८.१०.१ | मेडीकल अफिसर | २०००। | १०००। |
| ८.१०.२ | कविराज | ८००। | ३००। |
| ८.१०.३ | ईन्जिनियरिङ्ग सेवा | ५०००। | २०००। |
| ८.१०.४ | ल फर्म तथा कानुनी सेवा | १५००। | ७००। |
| ८.१०.५ | लेखा परिक्षण सेवा | ४०००। | २०००। |
| ८.१०.६ | बिमा एजेन्ट | १०००। | ५००। |
| ८.१०.७ | सर्भेयर | ३०००। | १५००। |
| ८.१०.८ | नोटरी पब्लिक | १०००। | ५००। |
| ८.१०.९ | पशु चिकित्सक | १०००। | ५००। |
| ८.१०.१० | ढुवानी तथा ट्रान्सपोर्ट | २०००। | १०००। |
| ८.१०.११ | लेखापढी व्यवसायी | १,५००। | १,०००। |
| **८.११. निर्माण व्यवसायी फर्म दर्ता** | | | |
| ८.११.१ | नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदार बैजनाथ गाउँपालिका बाहिरको ठेकेदारको हकमा थप ४० प्रतिशत दस्तुर लाग्ने | ३५०००। | १५०००। |
| ८.११.२ | मिक्सचर र सटरिङ्ग सामान भएको | ३०००। | १५००। |
| ८.११.३ | सटरिङ्ग सामान भएको | १०००। | ५००। |
| ८.११.४ | गाउँपालिकामा दर्ता भएका घ वर्गको ठेकेदार, संघ संस्था,समूह ,व्यवसाय ,फर्म, निर्माण व्यवसायिको म्याद समाप्त पछि नविकरणमा जरिवाना | | |
| ८.११.४.१ | म्याद समाप्त भएको ३ महिना सम्मको नविकरणमा थप दस्तुर | | नलाग्ने |
| ८.११.४.२ | म्याद समाप्त भएको ४ महिना देखि ६ महिना भित्र नवीकरण गराएमा थप दस्तुर | | १०% |
| ८.११.४.३ | म्याद समाप्त भएको ७ महिना देखि ९ महिना भित्र नवीकरण गराएमा थप दस्तुर : | | १५% |
| ८.११.४.४ | म्याद समाप्त भएको ९ महिना देखि १ वर्ष भित्र नवीकरण गराएमा थप दस्तुर : | | २०% |
| ८.११.४.५ | म्याद समाप्त भएको १ वर्ष देखि २ वर्ष भित्र नवीकरण गराएमा थप दस्तुर : | | ५०% |
| ८.११.४.६ | म्याद समाप्त भएको २ वर्ष देखि ३ वर्ष भित्र नवीकरण गराएमा थप दस्तुर : | | ७५% |
| ८.११.४.७ | म्याद समाप्त भएको ३ वर्ष देखि माथि नवीकरण गराएमा थप दस्तुर : | | १००% |
| ८.११.४.८ | घ वर्गको नामसारी | २५०००। | १२००० |
| ८.११.४.९ | घ वर्गको ईजाजत प्रमाणपत्रको प्रतिलिपि दस्तुर | २५००। | |
| ८.११.४.१० | ५ लाख भन्दा कम पुँजी भएका उधोग व्यवसायको दर्ता | १०००। | ५००। |
| ८.११.४.११ | अन्य पसल व्यवसायको प्रमाणपत्रको प्रतिलिपि दस्तुर | १०००। | |
| **८.१२. स्टेशनरी तथा पुस्तक पसल** | | | |
| ८.१२.१ | स्टेशनरी सामान,पुस्तक तथा पत्रपत्रिकाको थोक पसल | ७०००। | २०००। |
| ८.१२.२ | स्टेशनरी सामान,पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | १०००। | ५००। |
| ८.१२.३ | स्टेशनरी मात्र वा पुस्तक मात्र बिक्रि गर्ने पसल | १०००। | ५००। |
| ८.१२.४ | फोटोकपी, पि.सि.ओ. साईबर क्याफे | १०००। | ५००। |
| ८.१२.५ | कुरीयर्स शाखा कार्यालय | १०००। | ५००। |

| | | | |
|---|---|---|---|
| **८.१३. चुरोट, बिडी र सुर्तीजन्य** | | | |
| ८.१३.१ | थोक पसल | ५०००। | २५००। |
| ८.१३.२ | खुद्रा बिक्रि पसल | १०००। | ५००। |
| **८.१४. पेट्रोलियम पदार्थ बिक्री पसल** | | | |
| ८.१४.१ | २ पम्प भएको | ४००००। | २५०००। |
| ८.१४.२ | १ पम्प भएको | २५०००। | १५०००। |
| ८.१४.३ | सब डिलर | १००००। | ५०००। |
| ८.१४.४ | ग्यास उद्योग | ४००००। | २५०००। |
| ८.१४.५ | ग्यास सिलिण्डर सब डिलर | ५०००। | १०००। |
| ८.१४.६ | मट्टितेल मात्र बिक्रि | १०००। | ५००। |
| **८.१५. दैनिक उपभोग वस्तु** | | | |
| ८.१५.१ | खाद्य सप्लायर्स | १००००। | ३०००। |
| ८.१५.२ | गल्ला खरिद बिक्रि | ४००० | २००० |
| ८.१५.३ | खाद्यन्न किराना थोक | २०००। | १०००। |
| ८.१५.४ | खाद्यन्न किराना खुद्रा | १०००। | ५००। |
| ८.१५.४५ | साना किराना पसल | ५००। | २५०। |
| ८.१५.६ | फलफुल पसल | ५००। | १००। |
| ८.१५.७ | तरकारी पसल | ५००। | १००। |
| **८.१६. सिलाई पसल, ड्राई क्लिनर, सैलुन तथा ब्युटि पार्लर** | | | |
| ८.१६.१ | ५ देखी ८ सिलाई मेशिन राखेर सिलाई गर्ने पसललाई | २०००। | १०००। |
| ८.१६.२ | २ देखी ४ सिलाई मेशिन राखेर सिलाई गर्ने पसललाई | १५००। | ८००। |
| ८.१६.३ | १ थान सिलाई मेशिन राखी सिलाई गर्नेलाई | छुट | छुट |
| ८.१६.४ | ब्युटी पार्लर सेवा, तालिम सहितको | १०००। | ५००। |
| ८.१६.५ | ब्युटी पार्लर सेवा | ८००। | ४००। |
| ८.१६.६ | कालिगढ सहितको सैलुन सेवा | ७००। | ४००। |
| ८.१६.७ | सैलुन सेवा २ सिट सम्मको | ५००। | २००। |
| ८.१६.८ | ड्राईक्लिनर्स सेवा | ५००। | २००। |
| **८.१७. मर्मत सम्भार** | | | |
| ८.१७.१ | हावा भर्ने तथा टायर पन्चर मर्मत | ५००। | २००। |
| ८.१७.२ | ईन्जिन मर्मत | ५००। | २००। |
| ८.१७.३ | डेन्टिङ्ग तथा पेन्टिङ्ग | १०००। | ३००। |
| ८.१७.४ | ब्याट्रि ईलेक्ट्रोनिक सेक्सन मर्मत | ५००। | २००। |
| ८.१७.५ | रिक्सा साईकल बिक्रि | १०००। | ३००। |
| ८.१७.६ | रिक्सा साईकल मर्मत तथा पार्टस सहित बिक्री | ८०० | ३०० |
| ८.१७.७ | रिक्सा साईकल मर्मत | ५०० | २०० |
| ८.१७.८ | टि.भी., डेग, मोबाईल, फ्रिज मर्मत | १००० | ५०० |
| ८.१७.९ | रेडीयो, घडी, क्यालकुलेटर मर्मत | ५०० | २०० |
| ८.१७.१० | मोटरसाईकल मर्मत | १००० | ५०० |
| ८.१७.११ | जेनेरेटर, फ्रिज, कम्प्युटर मर्मत | ५०० | २०० |
| ८.१७.१२ | मोटर मर्मत | १००० | ५०० |

| ८.१८. अन्य विभिन्न पसलहरु तथा व्यवसायहरु | | | |
|---|---|---|---|
| ८.१८.१ | कष्मेटीक पसल | १००० | ५०० |
| ८.१८.२ | प्लाई तथा ग्लास पसल | १००० | ५०० |
| ८.१८.३ | धागो र टांकको पसल | ३०० | १५० |
| ८.१८.४ | बुटिक पसल सञ्चालन | ५०० | २५० |
| ८.१८.५ | भाडा पसल तथा किचन सामग्री | १००० | ५०० |
| ८.१८.६ | बिजुली, डेकोरेशन, बैन्ड बाजा सहितको टेन्ट हाउस, डिजे | १००० | ५०० |
| ८.१८.७ | स्कटिङ हाउस | १००० | ५०० |
| ८.१८.८ | घर जग्गा कारोबार व्यवसाय दर्ता | १०००० | ५००० |
| ८.१८.९ | घर जग्गा कारोबार व्यवसाय नामसारी | ८००० | |
| ८.१९. उत्पादनमुलक उद्योग | | | |
| ८.१९.१ | उत्पादनमुलक उद्योग | | |
| ८.१९.२ | चिम्नी ईट्टा उद्योग | १५००० | १०००० |
| ८.१९.३ | सिमेन्टको ईट्टा, टायल, ब्लक उद्योग | १०००० | ५००० |
| ८.१९.४ | स्टिल आल्मुनियम ग्रील उद्योग | ८००० | ४००० |
| ८.१९.५ | फलामको ग्रील उद्योग | ५००० | २००० |
| ८.१९.६ | सेलर मिल | ५००० | २००० |
| ८.१९.७ | चिउरा/भुजा मिल उद्योग | ४००० | १५०० |
| ८.१९.८ | जडिबुटी तथा कृषिजन्य कच्चा पदार्थ प्रशोधन उद्योग | १५०० | ५०० |
| ८.१९.९ | पानी उद्योग | ५००० | १००० |
| ८.१९.१० | घरेलु कुटिर उद्योग (अगरबत्ति, मैनबत्ति, अचार तथा अन्य कुटिर) | २५०० | १००० |
| ८.१९.११ | ह्याचरी | ३०००० | २०००० |
| ८.१९.१२ | प्लाष्टिक जन्य सामग्री उत्पादन उद्योग | २०००० | ५००० |
| ८.१९.१३ | प्लाष्टिक जन्य सामग्री थोक पसल | ५००० | २००० |
| ८.१९.१४ | प्लाष्टिक जन्य सामग्री खुद्रा पसल | २००० | १००० |
| ८.१९.१५ | सामान्य कुटानी पिसानी मिल | १००० | ५०० |
| ८.१९.१५ | मसला उद्योग | १००० | ५०० |
| ८.२० पशुपंक्षि तथा कृषिजन्य उद्योग | | | |
| ८.२०.१ | बाखापालन फार्म | १००० | ५०० |
| ८.२०.२ | गाईपालन/बंगुरपालन फार्म | १००० | ५०० |
| ८.२०.३ | भैंसीपालन फार्म | १००० | ५०० |
| ८.२०.४ | कुखुरापाल फार्म | १००० | ५०० |
| ८.२०.५ | अष्ट्रिज पालन फार्म | १५०० | १००० |
| ८.२०.६ | माछापालन फार्म | १००० | ५०० |
| ८.२०.७ | विरुवा नर्सरी फार्म | १००० | ५०० |
| ८.२०.८ | बिउविजन उत्पादन | १००० | ५०० |
| ८.२०.९ | पशु आहार विक्री केन्द्र | १००० | ५०० |
| ८.२०.१० | दुग्ध संकलन केन्द्र/तरकारी संकलन केन्द्र | १००० | ५०० |
| ८.२०.११ | रु .१५लाख सम्म पूंजि प्रमाणित भएको पोल्ट्रीफर्म | १०,०००।- | ५००।- |
| ८.२०.१२ | रु .१५लाख भन्दा बढी पूजी प्रमाणित भएको पोल्ट्री फर्म | ३०,०००।- | २०००।– |
| ८.२०.१३ | कृषि फर्म | १०००। | ५००। |

| | | | |
|---|---|---|---|
| ८.२०.१४ | कृषक समूह | १०००। | ५००। |
| ८.२०.१५ | उपभोक्ता समूह | १०००। | ५००। |
| ८.२०.१६ | क्लव दर्ता | १०००। | ५००। |
| **८.२१ बनजन्य उद्योग** | | | |
| ८.२१.१ | सःमिल, प्लाइउड उद्योग | ५००० | २००० |
| ८.२१.२ | काठ बिक्रि डिपो | ५००० | २००० |
| ८.२१.३ | काठको फर्निचर र शोरुम | २५०० | १००० |
| ८.२१.४ | बेत बांस तथा बाम्बो सोरुम | १००० | ५०० |
| ८.२१.५ | फर्निचर पसल | १००० | ५०० |
| ८.२१.६ | निजी वन | ५००। | २००। |
| **८.२२ पर्यटन उद्योग** | | | |
| ८.२२.१ | होटल, लज तथा रेष्टुरेन्ट | २५०० | ७५० |
| ८.२२.२ | होटल तथा लज | २००० | ७०० |
| ८.२२.३ | होटल तथा रेष्टुरेन्ट | २००० | ७०० |
| ८.२२.४ | क्याफे तथा फाष्टफुड | १५०० | ७०० |
| ८.२२.५ | रेष्टुरेन्ट | १००० | ६०० |
| ८.२२.६ | टावर तथा भ्यु टावर | १००० | ५०० |
| ८.२२.७ | होम स्टे | १००० | २०० |
| ८.२२.८ | भोजनालय | ५०० | २०० |
| ८.२२.९ | मिष्ठान्न/क्याटोरिङ्ग पसल | ३०० | १०० |
| ८.२२.१० | चिया/चाट पसल | ३०० | १०० |
| ८.२२.११ | मिष्ठान्न पसल | ३०० | १०० |
| **८.२३ डेरी उद्योग** | | | |
| ८.२३.१ | डेरी उद्योग तथा विक्रि पसल | १५०० | ७५० |
| ८.२३.२ | डेरी बिक्री पसल | १००० | ५०० |
| **८.२४ पेय पदार्थ उत्पादन उद्योग** | | | |
| ८.२४.१ | आईस (बरफ) उद्योग | ३००० | १५०० |
| ८.२४.२ | आईसक्रिम उद्योग | १००० | ५०० |
| ८.२४.३ | सोडापानी उद्योग | १००० | ५०० |
| **८.२५ कपडा तथा गार्मेन्ट उद्योग** | | | |
| ८.२५.१ | सिरक डसना उद्योग पसल | १००० | ५०० |
| ८.२५.२ | कपडा तथा गार्मेन्ट उत्पादन | १००० | ५०० |
| ८.२५.३ | कपडा तथा फेन्सी पसल | १००० | ५०० |
| ८.२५.४ | काँचो कपडा मात्र बिक्रि गर्ने पसल | १००० | ५०० |
| ८.२५.५ | जुत्ता चप्पल पसल | १००० | ५०० |
| ८.२५.६ | टेन्ट हाउस | १००० | ५०० |
| ८.२५.३ | उपभोग्य वस्तु उत्पादन उद्योग | | |
| ८.२५.४ | कुकीज, पाउरोटी, नुडल्स उद्योग | १००० | ५०० |
| | **८.२६ निर्माण सामग्री तथा ईलेक्ट्रोनीक पसल** | | |
| ८.२६.१ | ईलेक्ट्रोनीक खुद्रा पसल | १०००। | ५००। |
| ८.२६.२ | मोबाईल, घडि, क्यालकुलेटर | १०००। | ५००। |

| | | | |
|---|---|---|---|
| ८.२६.३ | मोबाईल, अडियो, भिडियो | १०००। | ५००। |
| ८.२६.४ | निर्माण सामग्री तथा विद्युत पसल | १०००। | ५००। |
| ८.२६.५ | छड र सरिया डिलर | १००००। | ३५००। |
| ८.२६.६ | सिमेन्ट डिलर | ७०००। | २५००। |
| ८.२६.७ | कर्कट पाटाको फुटकर बिक्रेता | ५०००। | २५००। |
| ८.२६.८ | छड र सरियाको फुटकर बिक्रेता | ५०००। | २५००। |
| ८.२६.९ | सिमेन्टको फुटकर बिक्रेता | २०००। | १०००। |
| ८.२६.१० | हार्डवेयर/मेशिनरी/पेन्ट तथा मार्वल थोक पसल | २०००। | १०००। |
| ८.२६.११ | हार्डवेयर/मेशिनरी/पेन्ट तथा मार्वल खुद्रा पसल | १०००। | ५००। |
| ८.२६.१२ | सिसा पसल | १०००। | ५००। |
| ८.२६.१३ | ग्लास हाउस आल्मुनियम फ्रेमेङ | १०००। | ५००। |
| सिमान्तकृत वर्ग लाई व्यवसाय दर्ता/नवीकरणमा ५०% छुट दिने । | | | |

# अनुसूची -९
# सेवा शुल्क र दस्तुर

| | | | |
|---|---|---|---|
| ९.१ सेवा शुल्क | | | |
| ९.१.१ | सर्जमिन तथा सिफारिस दस्तुर | | |
| ९.१.२ | नागरिकताको सिफारिस गर्दा गरिने सर्जमिन | १५० | ० |
| ९.१.३ | नाता प्रमाणित सर्जमिन मुचुल्का | १५० | ० |
| ९.१.४ | ठुलो उद्योग स्थापनाको लागी सिफारिस तथा सर्जमिन दस्तुर | ५००० | ० |
| ९.१.५ | मझौला उद्योग स्थापनाको लागी सिफारिस तथा सर्जमिन दस्तुर | २००० | ० |
| ९.१.६ | साना तथा घरेलु उद्योग स्थापनाको लागी सिफारिस दस्तुर | १००० | ० |
| ९.१.७ | जग्गा दर्ता सिफारिस मुचुल्का प्रति कठ्ठा | १५० | ० |
| ९.१.८ | अन्य प्रयोजनका लागी सर्जमिन | १५० | ० |
| ९.१.९ | घ वर्गको ठेकेदार दर्ता सर्जीमिन दस्तुर | १००० | |
| ९.१.१० | जग्गा नामसारी सर्जिमिन दस्तुर | १००० | |
| ९.२ | प्रतिलिपी दस्तुर | | ० |
| ९.२.१ | रसिद प्रतिलिपी दस्तुर | ३० | ० |
| ९.२.२ | प्रतिलिपी दस्तुर ३ पाना भन्दा माथि प्रतिपाना | २० | ० |
| ९.२.३ | मिलापत्र दस्तुर | ० | ० |
| ९.३ | सिफारिसको किसीम र दस्तुर | | ० |
| ९.३.१ | सम्बन्ध विच्छेद सिफारिस | २५० | |
| ९.३.२ | घर कायम सिफारिस | ५०० | ० |

| | | | |
|---|---|---|---|
| ९.३.३ | घर जग्गा नामसारी सिफारिस | २५० | ० |
| ९.३.४ | मोही लगत कट्टा सिफारिस | ५०० | ० |
| ९.३.५ | छात्रवृत्ति सिफारिस | २५० | ० |
| ९.३.६ | विपन्न विद्यार्थि छात्रवृत्ति सिफारिस | निशुल्क | ० |
| ९.३.७ | अपांग सिफारिस | निशुल्क | ० |
| ९.३.८ | अस्थायी बसोबास सिफारिस | स्वदेशी २५० विदेशी ५०० | |
| ९.३.९ | स्थायी बसोबास सिफारिस | २५० | ० |
| ९.३.१० | नागरिकता र प्रतिलिपी सिफारिस | १०० | ० |
| ९.३.११ | अंगिकृत नागरिकता सिफारिस | १००० | ० |
| ९.३.१२ | आर्थिक अवस्था सम्पन्नता प्रमाणित | १००० | ० |
| ९.३.१३ | आर्थिक अवस्था कमजोर प्रमाणित | ५०० | ० |
| ९.३.१४ | विद्युत जडान सिफारिस | २५० | ० |
| ९.३.१५ | धारा जडान सिफारिस | २५० | ० |
| ९.३.१६ | जिवित रहेको सिफारिस | २५० | ० |
| ९.३.१७ | दुवै व्यक्ति एकै भन्ने/फरक जन्ममिति सिफारिस | २५० | ० |
| ९.४ | जग्गा मुल्यांकन प्रमाणित/सम्पत्ति र आय प्रमाणित | | |
| ९.४.१ | शैक्षिक प्रयोजनका लागी (धितो मुल्यांकनको प्रति सय) | १५ पैसा | ० |
| ९.४.२ | व्यापारिक (अन्य) प्रयोजनका लागी (प्रति सय) | २५ पैसा | ० |
| ९.४.३ | आय श्रोत प्रमाणित (प्रति सय) | २५ पैसा | ० |
| ९.४.४ | व्यापार बन्दको सिफारिस | २५० | ० |
| ९.४.५ | व्यवसाय संचालनमा नभएको सिफारिस | २५० | ० |
| ९.४.६ | व्यापार व्यवसाय नभएको सिफारिस | २५० | |
| ९.४.७ | कोर्ट फि मिनाहा सिफारिस | निशुल्क | |
| ९.४.८ | नावालक परिचयपत्र सिफारिस | २५० | |
| ९.४.९ | चौपाया सम्बन्धि सिफारि | २५० | |
| ९.४.१० | व्यवसायिक दर्ताका सिफारिस | माथि उल्लेख भए बमोजिम | |
| ९.४.११ | उद्योग ठाउंसारी सिफारिस | ४०००० | |
| ९.४.१२ | विद्यालय ठाउंसारी सिफारिस | २०००० | |
| ९.४.१३ | बसाईसराई सिफारिस | | |
| ९.४.१३.१ | आन्तरीक बसाईसराई सिफारिस | २५० | |
| ९.४.१३.२ | बाह्य बसाईसराई सिफारिस | १००० | |

| | | | |
|---|---|---|---|
| ९.४.१४ | विद्यालय संचालन स्विकृति तथा कक्षावृद्धि सिफारिस | माथि उल्लेख भए बमोजिम | |
| ९.४.१५ | व्यक्तिगत विवरण सिफारिस | ५०० | |
| ९.४.१६ | अन्य पसल व्यवसाय ठाँसारी सिफारिस | २५० | |
| ९.५ | जग्गा दर्ता सिफारिस | | |
| ९.५.१ | पांच कठ्ठा सम्म | १००० | |
| ९.५.२ | पांच कठ्ठा भन्दा माथि प्रति कठ्ठा | २०० | |
| ९.५.३ | संरक्षक सिफारिस (व्यक्तिगत) | निशुल्क | |
| ९.५.४ | संरक्षक सिफारिस (संस्थागत) | २५० | |
| ९.५.५ | नेपाल सरकारको नाममा बाटो सिफारिस | २५० | |
| ९.५.६ | जिवितसंगको र मृतकसंगको नाता प्रमाणित (नेपाली/अग्रेजी भाषामा) | २५०/५०० | |
| ९.५.७ | सगोल प्रमाणित (नेपाली/अग्रेजी भाषामा) | ५००/१००० | |
| ९.५.८ | कोठा खोल्न रोहवरमा बस्ने | २५० | |
| ९.५.९ | स्वास्थ्य उपचार  सिफारिस | निःशुल्क | |
| ९.५.१० | लक्षित वर्ग प्रमाणित (आदिवासी जनजाति, दलित, अपाङ्ग आदि)/ /विपन्न खस आर्य प्रमाणित | ३०० | |
| ९.५.११ | निजीवन दर्ता सिफारिस | २५० | |
| ९.६ | संस्था दर्ता सिफारिस | | |
| ९.६.१ | व्यापारीक तथा नाफामुखी | १००० | ५०० |
| ९.६.२ | गैरनाफामुखी संघ संस्था (अन्तर्राष्टिय) | १००० | ५०० |
| ९.६.३ | गैरनाफामुखी संघ संस्था (रीष्टिय) | ० | निशुल्क |
| ९.६.४ | घरबाटो प्रमाणित | | |
| ९.६.५ | महेन्द्र राजमार्ग/रत्न राजमार्ग संग जोडीएको जग्गाको | | १२५० |
| ९.६.६ | कालोपत्रे सडकसंग जोडिएको जग्गाको | | १००० |
| ९.६.७ | ओटासील बाटोमा जोडीएको जग्गाको | | ७५० |
| ९.६.८ | ग्रेबल बाटो संग जोडीएको जग्गाको | | ५०० |
| ९.६.९ | कच्ची गाउं भित्री बाटोमा जोडीएको जग्गाको | | ३०० |
| ९.६.१० | बाटो नभएको खेती योग्य जग्गाको | | २५० |
| ९.६.११ | बाटो प्रमाणित | | २५० |
| ९.७ | चारकिल्ला प्रमाणित | | |
| ९.७.१ | महेन्द्र राजमार्ग/रत्न राजमार्ग संग जोडीएको जग्गाको | | १२५० |
| ९.७.२ | कालोपत्रे सडकसंग जोडिएको जग्गाको | | १००० |
| ९.७.३ | ओटासील बाटोमा जोडीएको | | ७५० |

| | | | |
|---|---|---|---|
| ९.७.४ | ग्रेबल बाटो संग जोडीएको जग्गाको | | ५०० |
| ९.७.५ | कच्ची गाउं भित्री बाटोमा जोडीएको जग्गाको | | ३०० |
| ९.७.६ | बाटो नभएको खेती योग्य जग्गाको | | २५० |
| ९.७.७ | जन्ममिति प्रमाणित | | २५० |
| ९.७.८ | विवाह प्रमाणित | | २५० |
| ९.७.९ | घरपाताल प्रमाणित | | ५०० |
| ९.७.१० | कागज/मंजुरीनामा/तमसुख प्रमाणित | | २०० |
| ९.७.११ | हकवालाको हकदार प्रमाणित | | २५० |
| ९.७.१२ | अविवाहित प्रमाणित | | ५०० |
| ९.७.१३ | जग्गा रेखांकन रोहवर | | ५०० |
| ९.७.१४ | जग्गाधनी पुर्जा हराएको | | २५० |
| ९.७.१५ | पुर्जामा घर कायम गने सिफारिस | | ५०० |
| ९.७.१६ | अग्रेजी सिफारिस प्रमाणित | | ५०० |
| ९.७.१७ | न्यायीक उजुरी दर्ता | | १०० |
| **९.८** | **विभिन्न व्यक्तिगत घटना दर्ता** | | |
| ९.८.१ | ३५ दिनभित्र सबै घटना दर्तामा | निशुल्क | |
| ९.८.२ | घटना दर्ता प्रतिलिपी नक्कल दस्तुर / | ५०० | |
| ९.८.३ | घटना दर्ता अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० | |
| ९.८.४ | घटना दर्ता विलम्ब शुल्क(नेपालीमा) | २०० | |
| ९.८.५ | घटना दर्ता अभिलेख दर्ता किताब हेरेको दस्तुर नेपाली ) नियोग) | २५ अमेरिकी डलर वा सो बराबर स्थानीय मुद्रा | |
| ९.८.६ | परिचय नम्बर वा बैयक्तिक विवरणको प्रमाणिकरण सेवा वापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | ५।- | |
| ९.८.७ | घटना दर्ता विलम्ब शुल्क(नेपाली नियोग) | २५ अमेरिकी डलर वा सो बराबर स्थानीय मुद्रा | |
| ९.८.८ | घटना दर्ता प्रतिलिपी (नेपाली नियोग) नक्कल दस्तुर / | ३० अमेरिकी डलर वा सो बराबर स्थानीय मुद्रा | |
| ९.८.९ | जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरणको सेवा वापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | १०।- | |
| ९.८.१० | परिचय नम्बर, बैयक्तिक विवरण, जैविक विवरण वा परिचयपत्रको प्रमाणिकरण भई सम्बन्धित व्यक्तिको अन्य बैयक्तिक विवरण प्रदान गरे वापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | २०।- | |

| | | | |
|---|---|---|---|
| ९.८.११ | गैर आवासीय नेपालीलाई जारी गरिने परिचयपत्र दस्तुर | २५० अमेरिकी डलर | |
| ९.८.१२ | अन्य विदेशीलाई जारी गरिने परिचयपत्र दस्तुर | ३०० अमेरिकी डलर | |
| ९.८.१३ | क्यक्तिगत परिचयपत्रको विलम्ब दस्तुर | २००।- | |
| **९.९** | **रुख कटानी सिफारिस दस्तुर** | | |
| ९.९.१ | आंप, सिसौं, जामुन, बबुर, डालेघांस, सिमल तथा लिप्टिस का रुखहरु ४ फुट सम्मकाढगोलाई प्रति रुख | ० | ३०० |
| ९.९.२ | ४ फुटभन्दा माथिका ढगोलाईण्का रुखहरुमा प्र.फुट थप्दैजाने गरि लिने | ० | ८० |
| ९.९.३ | ४ फुटभन्दा साना रुखहरु जर्ना(दाउरा) को रुपमा प्रयोग आउने रुखहरुको प्रति चट्टा | ० | १५०० |
| ९.९.४ | विद्युत पोलमा प्रयोग हुने लिप्टिसका रुखहरु प्रति रुख | ० | ५० |
| ९.९.५ | खयरको रुख प्रति चट्टा तथा प्रति रुख | ० | ३०००/ |
| | | | ३०० |
| ९.१० | सूचिकृत दस्तुर | | |
| ९.१०.१ | सहकारी सूचिकृत | १०००।- | |
| ९.१०.२ | संघरसंस्था सूचिकृत | १०००।- | ० |
| ९.१०.३ | इन्जिनियरिंग कन्सल्टेन्सी सूचिकृत | ५०००।- | ० |
| ९.१०.४ | कृषि/ पशु फर्म सूचिकृत | १०००।- | |
| ९.१०.५ | अन्य सिफारीस दस्तुर | २५०।- | |
| ९.१०.६ | घर जग्गा खरिद बिक्रि सिफारिस दस्तुर | १०००। | |
| ९.१०.७ | घरेडि खरिद बिक्रि सिफारिस दस्तुर | २०००। | |
| ९.१०.८ | गाउँपालिकाको हल भाडा प्रति दिन | १०००। | |
| ९.१०.९ | वातावरणीय सेवा शुल्क | एकाइ | शुल्क रु. |
| १. | मदिराजन्य पदार्थको लागि प्रयोग हुने प्लास्टिक बोतल | प्रति थान | ०.०५ |
| २. | हल्का पेय पदार्थमा प्रयोग हुने प्लास्टिक बोतल/पाउच | प्रति थान | ०.०५ |
| ३. | सुर्ती तथा गुट्खाजन्य पदार्थ प्याकेजिङमा प्रयोग हुने प्लास्टिक पाउच/र्‍यापर | प्रति थान | ०.०५ |
| ४. | फास्टफुड (चाउचाउ, बिस्कुट आदि) प्याकेजिङमा प्रयोग हुने प्लास्टिक पाउच/र्‍यापर/बट्टा | प्रति थान | ०.०५ |
| ५. | खाद्य तथा पेय पदार्थमा प्याकेजिङमा प्रयोग हुने प्लास्टिक पाउच/र्‍यापर/बट्टा | प्रति थान | ०.०५ |
| ६. | खाद्य तथा पेय पदार्थ प्याकेजिङमा प्रयोग हुने प्लास्टिक जार | प्रति थान | ०.१० |

| | | | | |
|---|---|---|---|---|
| १० | ढुगां, गीट्टी, बालुवा, माटो ,दहत्तर बहत्तर जस्ता सामग्री चोरी निकासी गरे वाफत जरीवाना रु. | | | |
| १०.१ | ट्याक्टर | | ५०००।- | |
| १०.२ | टिप्पर | | १५०००।- | |
| १०.३ | जे.सि.वि. | | २५०००।- | |
| १०.४ | एक्जाभेटर | | ३००००।- | |

## ११. भुमि प्रशासन कार्यालय कोहलपुर बाँकेको न्युनतम मुल्यांकन अनुसार बैजनाथ गाउँपालिकाको जग्गाको मुल्यांकन विवरणः

### ११.१ साविक बनकटवा गा.वि.स. हाल बैजनाथ गाउँपालिका (प्रतिकठ्ठा) :-

| क्र.स. | विवरण | २०८३/०८४ को मूल्याङ्कन |
|---|---|---|
| क. | पूर्व पश्चिम राजमार्गको दायाँ बायाँ पर्ने जग्गा | १७,७५,४००/- |
| ख | यस गा.वि.स. को अन्य पक्की बाटोमा पर्ने जग्गा | ११,४८,४००/- |
| ग | यस गा.वि.स. को ग्राभेल बाटोमा पर्ने जग्गा | ६,६०,०००/- |
| घ | वडा नं. ४, ५, ७ र ९ को राजमार्गको दायाँ बायाँ पर्ने जग्गा बाहेक सहायक, कच्ची बाटोमा पर्ने जग्गा | ४,४८,८००/- |
| ङ. | सिक्टा सिँचाइ आयोजनाको दायाँ बायाँ पर्ने जग्गा | ४,३५,६००/- |
| च | अन्य वडाहरूको कच्ची बाटोमा पर्ने जग्गा | ३,०३,६००/- |
| छ | बाटो नभएको खेती योग्य जग्गा | १,५१,८००/- |

### ११.२ साविक चिसापानी गा.वि.स. हाल बैजनाथ गाउँपालिका (प्रतिकठ्ठा) :-

| क्र.स. | विवरण | २०८३/०८४ को मूल्याङ्कन |
|---|---|---|
| क. | रत्न राजमार्गको दायाँ बायाँ पर्ने जग्गा | १७,७५,४००/- |
| ख | यस गा.वि.स. को अन्य पक्की बाटोमा पर्ने जग्गा | ११,४८,४००/- |
| ग | यस गा.वि.स. को ग्राभेल बाटोमा पर्ने जग्गा | ४,२२,४००/- |
| घ | यस गा.वि.स. को सहायक, कच्ची बाटोमा पर्ने जग्गा | ३,८३,२००/- |
| ङ. | बाटो नभएको खेती योग्य जग्गा | १,४५,२००/- |

## ११.३ साविक टिटिहिरिया गा.वि.स. हाल बैजनाथ गाउँपालिका (प्रतिकठ्ठा) :-

| क.स. | विवरण | २०८३/०८४ को मूल्याङ्कन |
|---|---|---|
| क. | पूर्व पश्चिम राजमार्गको दायाँ बायाँ पर्ने जग्गा | ११,२५,०००/- |
| ख. | सिमल घारी देखि चाँदनी चोक जाने पक्की सडकको दायाँ बायाँ पर्ने जग्गा | ५,५३,८००/- |
| ग. | क्रम संख्या क र ख मा पर्ने बाहेक अन्य पक्की सडक संग जोडिएको जग्गा | ५,१४,८००/- |
| घ. | साविक टिटिहिरिया गा.वि.स. को ग्राभेल सडकको दायाँ बायाँ पर्ने जग्गा | ४,१७,६००/- |
| ङ. | साविक टिटिहिरिया गा.वि.स. को कच्ची बाटोको दायाँ बायाँ पर्ने जग्गा | ३,७४,४००/- |
| च. | साविक टिटिहिरिया गा.वि.स. को खेती योग्य बाटो नभएको जग्गा | १,२५,४००/- |

## ११.४ साविक नौबस्ता गा.वि.स. हाल बैजनाथ गाउँपालिका (प्रतिकठ्ठा) :-

| क.स. | विवरण | २०८३/०८४ को मूल्याङ्कन |
|---|---|---|
| क | साविक नौबस्ता गा.वि.स.को रत्न राजमार्गको दायाँ बायाँ पर्ने जग्गा | १७,७५,४००/- |
| ख | क्रम संख्या क. मा पर्ने बाहेक अन्य पक्की सडक संग जोडिएको जग्गा | ११,४८,४००/- |
| ग | साविक नौबस्ता गा.वि.स.को ग्राभेल बाटोको दायाँ बायाँ पर्ने जग्गा | ४,२२,४००/- |
| घ | साविक नौबस्ता गा.वि.स.को कच्ची बाटोको दायाँ बायाँ पर्ने जग्गा | ३,८२,८००/- |
| ङ. | साविक नौबस्ता गा.वि.स.को खेती योग्य बाटो नभएको जग्गा | १,३२,०००/- |